# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u> ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः २०७५।७६
चलानी नं. :

मितिः २०७५।१२।१३

श्री प्रमुखज्यू,
बराहताल गाउँपालिका,
सुर्खेत ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट बराहताल गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.४ करोड ३३ लाख ६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३७ लाख ८४ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ७० लाख ४३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७६ लाख २१ हजार र पेश्की रु.१ करोड ४८ लाख ५८ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।९।१३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त नभई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना १६ ( सोह्र ) यसै साथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्ण प्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# बराहताल गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
## २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । यो गाउँपालिका कर्णाली प्रदेश, सुर्खेत जिल्लामा अवस्थित छ । यस गाउँपालिकामा १० वडा, ४५५.०९ वर्ग कि.मि. क्षेत्रफल तथा २६८०२ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ को स्थानीय सञ्चित कोषको आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| आय | | | | ब्यय | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | बिबरण | रकम | | सि.नं. | बिबरण | रकम | |
| १ | गत आ.ब.२०७३/०७४ बजेट बाँकी अ.ल्या. | | ५४३२६२७.३० | १ | गत बर्षको मौज्दात बाट खर्च | | ३६०००.०० |
| | क) गाउँपालिका बाँकी | ५३८४६२७.३० | | | क) झो.पु.हेरालु बाँकी | ३६०००.०० | |
| | ख) झो.पु.हेरालु बाँकी | ४८०००.०० | | २ | अन्तर सरकारी बित्तिय हस्तान्तरण | | २८७१५६४८९.७० |
| २ | अन्तर सरकारी बित्तिय हस्तान्तरण | | ३४९६३९०००.०० | क | बित्तिय समानीकरण खर्च | १६९८७९४८९.७० | |
| | क) बित्तिय समानीकरण | २३२३६२०००.०० | | | क) चालु खर्च - ३७३५९३१५।७० | | |
| | ख) शसर्त अनुदान | ११७२७७०००.०० | | | ख) पूजिगत खर्च - १२७०२५८७४।०० | | |
| ३ | ब.उ.शि.नं.३६५८४५३ (गरिब संग बिश्वेश्वर कार्यक्रम) | | ४२९०००.०० | | ग) वडा संचालन खर्च - ५४९४३००।०० | | |
| ४ | ब.उ.शि.नं.३६५८१९४ (स्थानीय शासन सामुदायिक बिकास कार्यक्रम) | | ५८३८१६.०० | ख | शसर्त अनुदान खर्च | ११७२७७०००.०० | |
| ५ | ब.उ.शि.नं.३६५८१९३ (स्थानीय शासन सामुदायिक बिकास कार्यक्रम) | | ७०७६६६.०० | | क) पशु तर्फ खर्च - ८२६३४०।०० | | |
| ६ | ब.उ.शि.नं.३५२०११३ (सहकारी तथा गरिबि निबारण मन्त्रालय) | | ६००००००.०० | | ख) शिक्षा तर्फ खर्च- ९६२२३९३१।७४ | | |
| ७ | ब.उ.शि.नं.३६५०१५३ (सामाजिक सुरक्षा कार्यक्रम) | | ४११२२०००.०० | | ग) स्वास्थ्य तर्फ खर्च - १६५५६३८५।५० | | |
| ८ | कन्टीजेन्सी रकम | | २८९२११७.०० | | घ) शसर्त अनुदान रकम फिर्ता - ३६७०३४२.७६ | | |
| ९ | आन्तरिक आम्दानी | | १४३७५८१.६२ | ३ | ब.उ.शि.नं.३६५८४५३ (गरिब संग बिश्वेश्वर कार्यक्रम) | | ४२९०००.०० |
| १० | बेरुजु असुली | | २३३३३७.९६ | ४ | ब.उ.शि.नं.३६५८१९४ (स्थानीय शासन सामुदायिक बिकास कार्यक्रम) | | ५८३८१६.०० |
| ११ | धरौटी प्राप्त | | ६१६४३०.०० | ५ | ब.उ.शि.नं.३६५८१९३ (स्थानीय शासन सामुदायिक बिकास कार्यक्रम) | | ७०७६६६.०० |
| १२ | मर्मत सम्भार कोष आम्दानी | | १८९०५६६.०० | | क) जम्मा खर्च | ६०७६६६.०० | |
| | | | | | ख) फिर्ता | १०००००.०० | |
| | | | | ६ | ब.उ.शि.नं.३५२०११३ (सहकारी तथा गरिबि निबारण मन्त्रालय) | | ६००००००.०० |
| | | | | | क) जम्मा खर्च | ५१५७३५०.०० | |
| | | | | | ख) फिर्ता | ८४२६५०.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ७ | ब.उ.शि.नं.३६५०१५३ (सामाजिक सुरक्षा कार्यक्रम) | | ४११२२०००.०० |
| | | | | ८ | कन्टीजेन्सी रकम खर्च | | ५९६९२०.०० |
| | | | | ९ | धरौटी खर्च | | ०.०० |
| | | | | १० | मर्मत सम्भार कोष खर्च | | ०.०० |
| | | | | | जम्मा खर्च | | ३३६६३१८९१.७० |
| | | | | ११ | बाँकी मौज्दात | | ७४३५२२५०.१८ |
| | | | | | <u>बाँकी मौज्दातको बिबरण</u> | | |
| | | | | | क) गत बर्षको अ.ल्या मौज्दात | ५३९६६२७.३० | |
| | | | | | ख) बित्तिय समानीकरण मौज्दात | ६२४८२५१०.३० | |
| | | | | | ग) कन्टिजेन्सी मौज्दात | २२९५१९७.०० | |
| | | | | | घ) धरौटी खाता मौज्दात | ६१६४३०.०० | |
| | | | | | ङ) मर्मत कोष खाता मौज्दात | १८९०५६६.०० | |
| | | | | | च) आन्तरिक आम्दानी | १४३७५८१.६२ | |
| | | | | | छ) बेरुजु असुली | २३३३३७.९६ | |
| कुल जम्मा | | | ४१०९८४१४१.८८ | | कुल जम्मा | | ४१०९८४१४१.८८ |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **वार्षिक खरिद योजना/गुरुयोजना :** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ । यस गाउँपालिका वित्तीय समानीकरण अन्तर्गत वार्षिक रु.१२,७०,२५,८७४। को पूँजीगत खर्च/खरिद कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद ऐन नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको छ । अतः उक्त नियमावली बमोजिम खरिद योजना/गुरु योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| २. | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र बजेट सहित प्रचलित कानुन बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । यस कार्यालयले मिति २०७४।३।३१ बसेको गाउँ सभाबाट बार्षिक बजेट र नीति तथा कार्यक्रम स्वीकृत गरिएकोमा स्थानीय सरकार संचालन ऐन, २०७४ बजेट कार्यान्वयनको लागि अख्तियारी प्रदान गरी खर्च गर्नुपर्ने देखिन्छ । | |
| ३. | **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयमा ल्याएको पाइएन । अतः ऐन बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने पर्दछ । | |
| ४. | **आन्तरिक ऋण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम गाउँपालिले वित्त आयोगको सिफारिसमा सम्बन्धित सभाबाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । गाउँपालिकाले यो वर्ष स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम कुनै किसिमको ऋण लिएको देखिदैन । | |
| ५. | **स्थानीय तथ्याङ्क र अभिलेख :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको पाइएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप संचालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि बढाउन आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख व्यस्थापन गर्न जरुरी छ । | |
| ६. | **उपभोक्ता समिति छनौट :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था छ । | |

| | | |
|---|---|---|
| | कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समुह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ । | |
| ७. | **गुणस्तर परिक्षण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका ल्यापटप लगायत सवारी साधनको भुक्तानी गर्दा सामान तथा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको छैन । अतः ती सामान तथा कार्यहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ । | |
| ८. | **विद्युतिय लेखा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निशुल्क रुपमा उपलब्ध गराई सबै नगरपालिकाले सव नेशनल ट्रेजरी रेगुलेटोरी एप्लिकेसन (सुत्र) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले आर्थिक वर्ष २०७४।७५ मा सुत्र प्रयोग गरी लेखा राखेको पाइएन । लेखा अद्यावधिक गरी लेखा सूचना प्रणाली चुस्त दुरुस्त र छरितो बनाउन सुत्रको पूर्ण रुपमा प्रयोग गरिनु पर्दछ । | |
| ९. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाइल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सार्ने गरेको पाइएन । आफ्नो कार्यालय भित्र रहेका स्वास्थ्य शाखा, कृषि शाखा तथा पशु शाखा लगायतको लागि खरिद भएका खर्च नहुने जिन्सी समानहरु पनि गाउँपालिकाको जिन्सी सम्पत्तिको मुल अभिलेखमा आम्दानी जनाई शाखागत रुपमा सहायक लेजर राखी अभिलेख राख्नुपर्नेमा सो बमोजिम भए गरेको नपाइएकोले गाउँपालिका भित्र रहेका सम्पूर्ण विषयगत शाखा र वडा कार्यालयहरु समेतमा रहेका जिन्सी सम्पत्तिहरुको अद्यावधिक अभिलेखीकरण गरी सम्पत्तिको संरक्षण गर्नुपर्ने देखिन्छ । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| १०. | **सेवा करार :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ (१) मा कार्यालय सुरक्षा, चिठीपत्र ओसारपसार, सरसफाई, टेलिफोन, विद्युत र धाराको संचालन तथा रेखदेख लगायतमा सार्वजनिक निकायको दैनिक कार्य संचालन गर्न अत्यावश्यक पर्ने सेवा करारमा लिनुपर्दा कुनै व्यक्ति, फर्म संस्था वा कम्पनिसंग करार गरी त्यस्तो सेवा लिन सक्ने व्यवस्था छ । त्यस्तै नियम ३ मा ५ लाख रुपैंया सम्म सेवा शुल्क लाग्ने सेवा सार्वजनिक निकायले वार्ता गरी खरिद गर्न सक्ने छ । सो रकम भन्दा बढी सेवा शुल्क लाग्ने सेवाको हकमा जिल्लास्तरका सार्वजनिक निकायले १५ दिनको अवधिको स्थानीय पत्रपत्रिकामा सूचना प्रकाशन गरी सेवा खरिद गर्न सक्ने व्यवस्था उल्लेख छ । गाउँपालिकाले १७ जना कर्मचारी सेवा करारमा सूचना प्रकाशन नगरी सोझै करार सेवा खरिद गरी रु.२९,८६,३१५। पारिश्रमिक भुक्तानी गरेको पाइयो । नियममा भएको व्यवस्था अनुरुप सेवा करार लिनुपर्नेमा सोझै करारमा सेवा खरिद गरेको पाइएकोले खर्च नियमसम्मत देखिएन । | |
| ११. | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको कर्मचारी दरवन्दी स्वीकृत भएको पाइएन । जनशक्तिको अभावमा कार्यालयले कार्यसम्पादन र सेवा प्रवाहमा समेत असर परेकोले दरबन्दी स्वीकृत गरी पदपुर्ति गरिनुपर्दछ । | |

| | | |
|---|---|---|
| १२. | **कन्टिजेन्सी खर्चको अभिलेख** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिजेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णय अनुसार खर्च गर्दा पूँजिगत प्रकृतिको २ प्रतिशत र अन्य साना तिना खर्च ३ प्रतिशत नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशत कट्टा गर्ने गरेको देखिएतापनि सोको आयोजनागत कन्टिजेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा सो राख्ने गरेको छैन । कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष वित्तिय समानकिरणको पूँजिगत तर्फ विभिन्न योजनाको लागि ५,९६,९२०। खर्च गरेकोमा आयोजनागत कन्टिजेन्सी खर्च खाता नराखी खर्च गरेको देखियो । आयोजनागत कन्टिजेन्सी खर्च अभिलेख नराखेको कारण उक्त खर्च सीमा भित्र रहेको र पूँजिगत खर्च समेत भएको सुनिश्चित हुने आधार भएन । अतः नियमावलीमा भएको व्यवस्था बमोजिम कन्टिजेन्सी खर्चको अभिलेख राखी कन्टिजेन्सी खर्चमा नियन्त्रण गरिनुपर्दछ । | |
| १३. | **गत वर्षको मौज्दात :** यो वर्ष कार्यालयले गत वर्षको बाँकी रकम भनि रु.५४,३२,६२७।३० जिम्मेवारी सारेको छ । गत वर्षको आर्थिक विवरण लेखापरीक्षणमा पेश नभएकोले उक्त रकम यकिन गर्न सकिएन । रु. | ५४३२६२७.३० |
| १४. | **बैंक मौज्दात :** कार्यालयको प्राप्त एकिकृत आर्थिक विवरणमा बैंक मौज्दात रु.७,४३,५२,२५०।१८ रहेको देखाइएको छ । प्राप्त बैंक विवरणमा ५ वटा बैंक खातामा रु.११,५३,५६,८४२।७४ मौज्दात रहेकोमा श्रेस्तामा आम्दानी देखिएको रु.२०,८०,३१०। बैंकमा जम्मा हुन बाँकी रहेको, चेक काटेको तर बैंकमा खर्च जनिन बाँकी रहेको रु.४,२८,९४,६८८।५६ समेत बैंक मौज्दात रु.७,४५,४२,४६४।१८ हुनुपर्ने देखिएकोले बैंकमा रु.१९०२१४। बढी देखिएको छ । बढी देखिएको मध्ये रु.५०,६११। बैंकमा आम्दानी भएको तर श्रेस्तामा आय नजनिएकोले खुद फरक देखिएको रु. | १३९६०३ |
| १५. | <u>**३१५-२०७५।३।२०**</u><br>**बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) बमोजिम प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा विल र विजकको भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले गिरीघाट शिवमन्दिर निर्माणको लागि रु.४,९९,८०८। को कार्य रु.४,७३,५५०। मा गर्ने गरी कविन्द्र निर्माण सेवा संग सम्झौता भएकोमा कार्य सम्पन्न पश्चात तोकिएको परिमाणको कार्यमा रु.४,९९,८०८। भुक्तानी दिएकोले बढी भुक्तानी गरेको रु.२५,५१०। असुल गर्नुपर्ने रु. | २५५१० |
| १६. | २८९-२०७५।३।२९<br>**खरिद पाइपको उपयोग :** भुतखोला भद्दे्घारी सिंचाइ कुलो निर्माणको लागि उपभोक्ता समितिलाई रु.१,८७,१८५। भुक्तानी गरी २०० एम एमको एच.डि.पि.इ. पाइप खरिद गरेकोमा सिंचाइ कुलो निर्माण गरेको तथा पाइप जडान गरेको नदेखिएकोले खरिद पाइप उक्त सिंचाइमा उपयोग भएको प्रमाण पेश हुनुपर्ने रु. | १८७१८५ |
| १७. | **३००-२०७५।३।२९**<br>**सोझै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा रु.२० लाख रुपैंया भन्दा बढि लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले उल्लेखित नियमको पालना नगरी निम्न स्थानमा जडान गर्न पम्पसेट तथा फिटिङ्समा खरिद खर्च लेखेकोमा सो सामान जडान भएको नदेखिएकोले जडान गरेको प्रमाण पेश गरी खर्चलाई नियमित गर्नुपर्ने देखिएको रु. | ८००००० |

| स्थानको नाम | फर्मको नाम | भुक्तानी |
|---|---|---|

| | | | |
|---|---|---|---|
| तरंगा ४ | अस्मिन ट्रेडर्स सप्लायर्स | ४००००० | |
| साजघाट ४ | त्रिशक्ति ट्रेडर्स जनरल अर्डर सप्लायर्स | ४००००० | |
| | जम्मा | ८००००० | |

| | | |
|---|---|---|
| १८. | २६७-२०७५।३।२६ भैरवी नेपाल राष्ट्रिय आधारभूत विद्यालयलाई तारजाली घेरावार वापत रु.३,००,०००। भुक्तानी गरेको मध्ये काठको काममा स्वीकृत दररेट अनुसार प्रति घ.मि. रु.१,२१,६१४। ले विल तयार हुनुपर्नेमा रु.१,८१,६०३। ले तयार गरी रु.५९,९८९। बढी दरले १.८ घ.मि.को रु.१०७,९८०। को विल तयार गरेकोले अनुपातिक आधारमा कार्यालयले भुक्तानी दिएको रु.८६,३८५। असुल गर्नुपर्ने रु. | ८६३८५ |
| १९. | **हेभी मेशिन प्रयोग गरी सडक निर्माण कार्य सम्बन्धमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(२) मा काम वा सेवाको प्रकृति परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनकि सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन दिन सक्ने, नियम ९७(३) मा प्रस्ताव वा निवेदन प्राप्त भएपछि सम्बन्धित सार्वजनिक निकाय र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले आवश्यकता अनुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा निर्माण कार्यको डिजाइन, लागत अनुमान तयार गर्ने, गुणस्तर नियन्त्रण गर्ने, निर्माण कार्य वा सेवा सार्वजनिक निकाय र उपभोक्ता समिति वा लाभग्राही समुदायको सहभागितामा सम्पन्न हुने, सम्पन्न निर्माण कार्यको संचालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने प्रावधान राखी सम्झौता गर्नुपर्ने व्यवस्था छ । सोही दफामा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिइ त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था छ । गाउँपालिका कार्यालय अन्तर्गत क्षेत्र भित्र गाउँपालिकाले विभिन्न सडकमा बजेट विनियोजन गरे अनुसार सडक निर्माण कार्यको लागि उपभोक्ता समिति गठन हुने र उपभोक्ता समितिलाई सडक निर्माण कार्य गराउन लागत अनुमान तयार गर्दा सबैजसोमा एक्साभेटर मेशिन प्रयोग गरी सडक खन्ने कार्य गरेको छ । गाउँपालिका कार्यालयले आफ्नो क्षेत्र भित्र के कति सडक निर्माण कार्य गर्नुपर्ने हो । कुन सडकलाई कुन नाम दिने हो चेनेज नम्बर र सडकको लम्बाई सम्म कति हुने हो सोको डिटेल सर्भे नगरी एक्साभेटर प्रयोग गरी सडक खन्ने कार्य गरेको छ । सार्वजनिक खरिद नियमावली अनुसार प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमती लिई मात्र एक्साभेटर प्रयोग गर्ने उल्लेख भएतापनि उपभोक्ता समितिले एक्साभेटर प्रयोग गरी सडक खन्ने सहमति लिएको छैन । उपभोक्ता समितिले कार्यालयबाट प्राप्त भएको सम्पूर्ण रकम एक्साभेटर उपलब्ध गराउने व्यक्ति तथा निर्माण कम्पनीलाई भुक्तानी गरेको छ । अतः गाउँपालिकाले सडक खन्ने कार्यको डिटेल सर्भे डिजाइन तयार गरी मात्र सडक खन्ने कार्य गर्नुपर्दछ । सडक निर्माण गर्ने कार्यमा उपभोक्ता समितिले अन्य निर्माण व्यवसायीहरुबाट गराएको उदाहरण निम्न छन् : | |

| भौ.नं./मिति | कामको विवरण | काम भएको भुक्तानी | कम्पनी | विल रकम (कम्पनीको) |
|---|---|---|---|---|
| २७८-०७५/३/२८ | व्यरेनी-लामकाने, नयाकन सडक (रिङरोड) | ४८५१४०० | न्यू दिपक निर्माण सेवा | ३८००००० |
| ३११-०७५/३/३२ | थारी-दर्नाकोट सडक(रिङरोड) | ४३६८१९६ | न्यू दिपक निर्माण सेवा | ३४२६६१२ |
| ३०९-०७५/३/३२ | रानीघाट भीचौर गाडापानी सडक (रिङरोड) | ४२१८५८० | रामजानकी स.मिल उद्योग | २८७५८५० |

| | | | | |
|---|---|---|---|---|
| ३०८-०७५/३/३२ | मसाने पानी दलदमारे सडक | १०७८३७७ | रामजानकी निर्माण सेवा | ८९८३५० |
| ३०७-०७५/३/३२ | गिरीघाट-शिवमन्दिर सडक | १७७४०२४ | रामजानकी निर्माण सेवा | ११०७४०० |
| १५५-०७५/३/३ | गिमिने रक्सेनी सडक वराहताल ५ | ९६०००० | न्यू दिपक निर्माण सेवा | ९६०३४६ |
| १६१-०७५/३/५ | खम्मागाडे बुटी इर्खानी हुँदै रक्सेनी सडक स्तरोन्नती वराहताल ६ | १२३५००० | न्यू दिपक निर्माण सेवा | १२३५००० |
| ४४-०७४/१२/६ | रानीघाट तरङ्गा बाटो निर्माण | १४२५००० | कविर कन्स्ट्रक्सन प्रा.लि. | १०९९९९५ |
| ५३-०७४/१२/२२ | चिल्ले डाँडा ओदालताल सडक नि. | ९५०००० | हाम्रो निर्माण सेवा | ७७००३९ |
| ९२-०७५/१/२४ | रातोपोखरी कुडी गैरा सडक नि. | १४२४६५१ | निसु एण्ड नविन कन्स्ट्रक्सन | १२९३६२५ |
| ६८-०७४/१२/२९ | पाग्मा सिस्नेरी हुँदै वुगघाट कर्णाली जोड्ने सडक | २३७५००० | रामजानकी समिल उद्योग राम जानकी निर्माण सेवा | १९५८३७६ |
| १००-०७५/१/३१ | सिरुपाटा देखि सोत खोला सम्म सडक निर्माण | १३३०००० | रामजानकी समिल उद्योग राम जानकी निर्माण सेवा | १२२९९७८ |
| १९७-०७५/३/१३ | हुर्के केउरेनी सडक मर्मत | २३७४८०० | रामजानकी समिल उद्योग राम जानकी निर्माण सेवा | १९२४३९० |
| २०४-०७५/३/१४ | त्राडापनी कापल गैरा सडक निर्माण | १४२५००० | रामजानकी समिल उद्योग राम जानकी निर्माण सेवा | १२२७१८० |

२०. <u>३१३-२०७५।३।३२</u>

**बढि खर्च :** विउरेनी खानेपानी आयोजनामा उपभोक्ता समिति मार्फत गराएको कुल काम रु.२४,००,७२७ मध्ये उपभोक्ता समितिलाई रु.१९,८०,३४५। भुक्तानी गरेकोमा देखिएका व्यहोरा निम्न बमोजिम छन् :

२०.१. संलग्न नापी सिट अनुसार ५,७३५ मिटर एच.डि.पि.इ. पाइप खरिद गरकोमा ५८७३ मि. पाइप लाइन ट्रेन्च खनेको देखियो । बढी खन्ने कार्यमा खर्च लेखेको १३८ मि. लम्बाइ ०.४ मि. चौडाइ तथा ०.६ मि. गहिराइको हुने ३३.१२ घ.मि. को दर रु.३९५।५२ ले हुने रु.१३,०९९। तथा पुर्ने कार्यमा रु.२४०। ले रु.७,९४८। समेतको हुने रु.२१,०४७ मा कार्यालयले व्यहोरेको ८० प्रतिशतले हुने रकम असुल गर्नुपर्ने रु. १७३६२

२०.२ सामान्यताया पाइप खरिद मूल्यको ३ प्रतिशत फिटिङ्समा खर्च हुने खानेपानी तथा ढल निकास विभागको नर्म्श रहेकोमा पाइप खरिदमा रु.८,९६,५५३। को ३ प्रतिशतले हुने रु.२६,८९७ मात्र खर्च लाग्नेमा रु.४,१२,११६। खर्च लेखेकोले बढी खर्च लेखेको रु.३,८५,२१९। को सम्बन्धमा नर्म्श भए पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. ३८५२१९

२१. **बढि दरमा भुक्तानी :** कार्यालयले सडक निर्माणको कार्यमा अर्थ कटिङ मध्ये विएमएस, सफ्ट रक र हार्ड रकको दरमा औसतमा प्रति घ.मि. रु.११०।०६ ले लागत अनुमान तयार गरी उपभोक्ता समितिसंग सोही अनुसार निर्माण कार्यको सम्भौता गरी कार्य भएको आधारमा खर्च गरेको देखियो । कार्यालयले हार्ड, सफ्ट र विएमएस कटिङमा औसत दर कायम भएको आधारमा प्रति घ.मि. रु.११०।०६ भएकोले सोही दरबाट सबै कार्यमा भुक्तानी गर्नुपर्नेमा तपसिलका कार्यमा सो अनुसार गरेको देखिएन । छुट्टै दरबाट काम गराउँदा विएमएसको दर रु.७९।०३, सफ्ट रकको कार्यमा १७३।०५ र हार्ड रकको कार्यमा रु.६४७।८१ रहेकोले औसत दरबाट भुक्तानी नहुँदा विएमएसको दर रु.७९।०३ मात्रै भएको अवस्थामा ११०।०६ का दरले भुक्तानी दिन मिल्ने देखिदैन । कार्यालयले सफ्ट रक र हार्ड रकको कार्यमा क्रमश: रु.१७३।०५ र ६४७।८१ ले भुक्तानी गरेकोले विएमएस कटिङको कार्यमा निम्नानुसार रु.३२,६४,५९९। बढी खर्च लेखेकोले असुल गर्नुपर्ने रु. ३२६४५९९

| भौ.नं./मिति | कामको नाम | काम भएको परिमाण | बढी मुल्यांकन | बढी भुक्तानी |
|---|---|---|---|---|
| २६१-०७४/३/२६ | देउराली-चेपाङ सडक | ४००२.९७ | १२४२१२ | १०५५८० |
| ३११-०७५/३/३२ | थारी-दर्नाकोट सडक (रिङरोड) | ३०४५९.६८ | ९४५१६३ | ८०३३८९ |
| १५५-०७५/३/३ | गिमिने रक्सेनी सडक वराहताल ५ | १०६३६.५ | ३३००५० | २८०५४२ |
| १६६-०७५/३/६ | मसिना चेपाङ सडक स्तरोन्नती वडा नं.५ | २७११.७८ | ८४१४६ | ७१५२४ |
| २३-०७४/१०/२२ | मसिना गवेना देउराली सडक | ५३७०.६४ | १६६६५१ | १४१६५३ |

| | | | | |
|---|---|---|---|---|
| ३२-०७४/११/१२ | दउराली ज्ञानेश्वर सडक निर्माण | ४६८९.५५ | १४५५१७ | १२३६८९ |
| ४३-०७४/१२/५ | पिपलसारे देखि देविस्थान सम्मबाटो स्तरोन्नती | २८०८.५४ | ८७१४९ | ७४०७७ |
| ५३-०७४/१२/२२ | चिल्ले डाँडा ओदालताल सडक | ९१९६.९५ | २८५३८१ | २४२५७४ |
| ५५-०७४/१२/२२ | पोखरीकाडा शाखा सडक निर्माण | २०२८.०६ | ६२९३१ | ५३४९१ |
| ६०-०७४/१२/२८ | रातो पोखरी डुडी गैरा स.नि. | १४९९१.२३ | ४६५१७८ | ३९५४०१ |
| ६९-०७५/१/३ | दमार गल्छेना सडक | ५३४३.७५ | १६५८१७ | १४०९४४ |
| ८१-०७५/१/१९ | नयावन पैंयापानी सडक | ४३७१.०३ | १३५६३३ | ११५२८८ |
| ९३-०७५/१/२५ | सिरेनी देखि चौतारी सडक | २४५९.९७ | ७६३३३ | ६४८८३ |
| १००-०७५/१/३१ | सिरुपाटा देखि सोतखोला सम्म सडक नि | १३१९२.२ | ४०९३५४ | ३४७९५१ |
| १९७-०७५/३/१३ | हुर्के केउरेनी सडक मर्मत | ७२४४.८ | २२४८०६ | १९१०८५ |
| २०८-०७५/३/१४ | गाहाखाल थुम्की सडक | १७४३.२४ | ५४०९३ | ४५९७९ |
| २५६-०७५/३/२६ | गल्छेना श्री चौर सडक नि. | २७६.७५ | ८५८८ | ७२९९ |
| २५८-०७५/३/२६ | पिपलसारे देखि बाटो स्तरोन्नती | २२४६.४ | ६९७०६ | ५९२५० |
| | **जम्मा** | **१२३७७४.०४** | **३८४०७०८** | **३२६४५९९** |

२२. **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा खरिद गरी वा अन्य प्रकारबाट प्राप्त भएका सामान दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार सामान दाखिला नगरी सो वापतको रकम, भुक्तानी गरेकोले दाखिलाको प्रमाण पेश हुनुपर्ने रु. ११३५७४६

| भौ.नं./मिति | सामानको नाम | रकम | कैफियत |
|---|---|---|---|
| ३२०-०७५/३/३२ | प्लाष्टिक कुर्सी, स्टील टेवल, कुर्सी | ११६९५५ | कार्यालय सरस्वती मा.वि. राजघाट, वराहताल आधारभुत विद्यालय नसिङडाँडा ६ |
| २७१-०७५/३/२६ | ६ सेट कम्प्युटर | ४८२००६ | |
| २-०७५/३/०६ | ब.उ.शि.नं. ३५२०११३ फर्निचर सामान | १४३००० | कृषि फलफूल तथा तरकारी संकलन केन्द्र, बड्डीचौर |
| ६४-०७५३/२२ स्वास्थ्य तर्फ | तौलिया, क्यालकुलेटर, फिल्टर लगायतका सामाग्री | १९३७८५ | |
| १७-०७५/३/२५ शिक्षा तर्फ | कम्प्युटर, प्रिन्टर, टेवल, दराज, किताव, कार्पेट | २००००० | ज्ञानज्योति सामुदायिक सिकाई केन्द्र |
| | जम्मा | ११३५७४६ | |

२३. **सशर्त अनुदान (स्वास्थ्य तर्फ)**

५८-०७५।३।२८

**खर्चको पुष्ट्याई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । विद्यालय स्वास्थ्य प्रवर्द्धन तथा शिक्षा कार्यक्रम संचालन गरेको प्रमाण वेगर ५ जना कर्मचारीहरुलाई गाउँपालिका अन्तर्गत २१ वटा विद्यालयमा स्वास्थ्य शिक्षा कक्षा संचालन गरेको भनी रकम बुझाएको भरपाई मात्र संलग्न गरी संयोजक महेन्द्र बहादुर खत्रीलाई सोधभर्ना खर्च लेखेको छ । विद्यालयबाट कक्षा लिएको प्रमाण संलग्न नगरी खर्च लेखेको हुँदा सो खर्च लाई पुष्टि गर्ने विद्यालयबाट प्रमाणित कागजात पेश गर्नुपर्ने रु. १०५००

२४. **पूँजीगत तर्फ**

**८६-०७५।१।२०**

**बढि खर्च लेखेको :** वडा नं. १ गाडापानी खानेपानी ट्यांकी निर्माणको लागत रु.४,१३,२८०। मा कार्यालयबाट रु.३,३२,५००। र उपभोक्ताबाट रु.८०,७८०। व्यहोर्ने गरी ०७४।१०।१० मा सम्झौता भएको छ । संलग्न कार्य सम्पन्न प्रतिवेदन अनुसार रु.४,१६,५९७ को कार्य भएको आधारमा रु.३,२५,७३५। खर्च लेखेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न बमोजिम छन् :

२४.१ कार्य सम्पन्न प्रतिवेदनमा २० एम.एम. को एच.डि.पि.इ पाइप ८०० मिटर र ३२एम.एम. को ३०० मिटर समेतको खरिद मूल्य रु.१,३५,७९४।३६ भएकोमा उपभोक्ताले शुभकामना हार्डवयर

<table>
<tr><td></td><td>पसलबाट २० एम.एम. एच.डि.पि.इ ३०० मि. र ३२ एम.एम. को एच.डि.पि.इ पाइप ६०० मि. समेतको रु.४५,७१४। को मात्र खरिद गरेको विल संलग्न भएकोले वास्तविक भन्दा बढी खर्च लेखेको देखियो । वास्तविक भन्दा बढी खर्च लेखेको रु.९०,०८०। को अनुपातिक हिसावले हुने रु.७२,४७३। को सम्बन्धमा यकिन गरी असुल गर्नुपर्ने रु.</td><td>७२४७३</td></tr>
<tr><td>२४.२</td><td>पाइप ९०० मिटर मात्र खरिद गरेको तर खन्ने काम १००० मिटरको रु.६८,२२७। र पुर्ने १००० मिटरको रु.२८,४२८। खर्च लेखेको छ । पाइप खरिद भन्दा खन्ने १०० मि. को रु.६,८२२। र पुर्ने १०० मिटरको २,८४२। गरी जम्मा रु.९,६६४। बढी खर्च लेखेकोले अनुपातिक हिसावले असुल गर्नुपर्ने रु.</td><td>७७७५</td></tr>
<tr><td>२५.</td><td>९१-०७५।१।२४<br>वास्तविक भन्दा बढि खर्च लेखेको : सामुदायिक स्वास्थ्य इकाइ चेपाङ भवन निर्माण कार्यको लागत अनुमान रु.१०,८६,७१४। को कार्यमा कार्यालयले रु.९,५०,०००। व्यहोर्ने गरी मिति २०७४।११।२८ मा सम्झौता भएकोमा लागत अनुमानमा रेन्फोर्समेन्ट स्टील वर्क ४०७१.२६ के.जि.को रु.१०३।७० ले रु. ४,२२,१८९।८२ खर्च लेखिएको छ । उपभोक्ता समितिले प्रमिता स्टोरबाट विजक नं. ३५४ मिति २०७४।११।१६ बाट २८३० के.जि.को रु.२३५५१४। र विजक नं. ४७३ मिति २०७५।१।१० मा ११०१ के.जि. को रु.८६,९७९। गरी जम्मा ३९३१ के.जि.को रु.३,२२,४९३। मा खरिद भएको छ । बढी १४०.२६ के.जि. को रु.१०३। ले रु.१४,४४६।७८ बढी खर्च लेखेकोले अनुपातिक हिसावले असुल गर्नुपर्ने रु.</td><td>१२६२९.३०</td></tr>
<tr><td>२६.</td><td>२३१-०७५।३।२०<br>जिन्सी दाखिला : आपूर्तिकर्ता सुमन जनरल स्टोर्स एण्ड सप्लायर्स संग सिमलचौर तटवन्धनको लागि २x१x१ को ग्याविन जाली ६६ थान खरिद गरि (विजक नं. ३६३-०७५।३।१६) मूल्य अभिवृद्धि कर समेत रु.२,७६,१८४। खर्च लेखिएकोमा जिन्सी किताबको पाना नं. १०० मा ४५ वटा मात्र दाखिला गरी खर्च लेखेको छ । खरिद भन्दा घटी जिन्सी दाखिला २१ वटा ग्याविन वक्सको आम्दानी तथा खर्चको प्रमाण पेश हुनुपर्ने रु.</td><td>८७८७७</td></tr>
<tr><td>२७.</td><td>अनुपातिक कट्टि : सार्वजनिक खरिद निमयावली, २०६४ को निमय ९७(४) मा उपभोक्ता समितिबाट कुनै निर्माण कार्य गराउँदा जनसहभागिताको अंश भुक्तानीमा कट्टा गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले निम्न निर्माण कार्यमा उपभोक्ता समितिसंग भएको सम्झौता अनुसार कार्यालयले व्यहोर्नुपर्ने रकममा काम भएको रकमको अनुपातिक हिसावमा उपभोक्ता समितिलाई रकम भुक्तानी गर्नुपर्नेमा बढी भुक्तानी भएकोले असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>आयोजनाको नाम</th><th>लागत अनुमान</th><th>सम्झौता अनुसार कार्यालयले व्यहोर्ने</th><th>कार्य सम्पन्न रकम</th><th>कार्यालयले भुक्तानी गरेको रकम</th><th>कार्यालयले अनुपातिक रुपमा भुक्तानी गर्नुपर्ने रकम</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>८९-०७५/१/२४</td><td>आकासेपानी घैंटो निर्माण उ.स.</td><td>४६२०४४</td><td>४७५०००</td><td>४४९६०२</td><td>४७५०००</td><td>४०४६४२</td><td>७०३५८</td></tr>
<tr><td>१२२-०७५/२/८</td><td>जुगेधारा खानेपानी उ.स.</td><td>४८५३१४४</td><td>२९९२५००</td><td>४८०४०६७</td><td>२९९२५००</td><td>२९६२२३९</td><td>३०२६१</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>१००६१९</td></tr>
</table></td><td>१००६१९</td></tr>
<tr><td>२८.</td><td>प्राविधिक मूल्यांकन रकम भन्दा घटीको विल भरपाई तथा खर्च सार्वजनिकरण : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याकन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई पेश गर्नुपर्ने, नियम ९६(७) अनुसार प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टांस गर्नुपर्ने व्यवस्था रहेकोछ । लेखापरीक्षणको क्रममा उपभोक्ता समिति मार्फत भएको कार्य र भुक्तानी परीक्षण गर्दा आंशिक विल भरपाई कार्यालयमा पेश गर्नुका साथै आय व्यय सार्वजनिक गरेको प्रमाण संलग्न गरेको पाइएन । उपभोक्ता मार्फत गरिएको कार्यको खर्च सार्वजनिकरण नगर्दा समितिवाट भएको खर्चको पारदर्शिता नहुने र नियमावलीमा भएको व्यवस्थाको अनुपालना समेत नहुने हुन्छ । अत: उपभोक्ता समितिको कार्य र खर्चको विवरण सम्वन्धित उपभोक्ताहरुविच सार्वजनिकरण गरेको कागजात</td><td></td></tr>
</table>

तयार गरि अभिलेख राख्ने व्यवस्था गर्नुपर्दछ ।

| भौ.नं./मिति | उपभोक्ता समितिको नाम | लागत रकम | कार्यालयले व्यहोर्ने रकम | सम्पन्न रकम | कार्यालयले व्यहोरेको रकम | विल भरपाई रकम |
|---|---|---|---|---|---|---|
| ५३-०७४/१२/१२ | चिल्ले डाँडा ओदाल ताल सडक | १०९३६०३ | ९५०००० | १०९५९८१ | ९५०००० | ९७१११९ |
| १००-०७५/१/३१ | सिरुपाटा देखि सोत खोला सम्म सडक निर्माण | १६७९९३३ | १३३०००० | १७०५५९० | १३३०००० | १२२९९७८ |
| २०४-०७५/३/१४ | गडापानी कापल गैरा सडक निर्माण | १७१२३३१ | १४२५००० | १७१५१६५ | १४२५००० | १६३५९७० |

२९. **६१-०७४।१२।२८**

**बढी पाइप खरिद :** धारापानी खानेपानी मर्मत तथा पाइप खरिद उपभोक्ता समिति संग लागत अनुमान रु.३,३६,८१६। मध्ये कार्यालयले रु.२,८५,०००। र उपभोक्ता समितिले रु.५१८१६। व्यहोर्ने गरी सम्झौता भए अनुसार रु.३,३६,८१६। को कार्य सम्पन्न प्रतिवेदन तयार भएको मध्ये कार्यालयबाट रु.२,८५,०००। खर्च लेखेको छ । उक्त नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदनमा १५०० मिटर पाइप लाइन खन्ने पुर्ने काम भएको र २० एमएम १० के.जि. प्रेसरको एच.डि.पि.इ पाइप २६०० मिटरको रु.१,०२,३५९। खर्च देखाएको छ । पाइप लाइन खन्ने पुर्ने काम भन्दा ११०० मिटर बढी खरिद खर्च देखाएकोले वास्तविकता यकिन गरी वास्तविक काम भन्दा बढी पाइप खरिद भएको रु.४३,३०५। अनुपातिक हिसावले सम्बन्धित प्राविधिक समेत जिम्मेवार वनाई असुल गर्नुपर्ने रु. ३६६४३

३०. **६२-०७४।१२।२९**

**पाइप खरिद भन्दा खन्ने पुर्ने कार्य बढी गरेको :** अमलाखाली आमपानी खानेपानी निर्माणको लागत अनुमान रु.१३,६१,५०४। मध्ये कार्यालयबाट रु.९,५०,०००। र उपभोक्ता समितिले रु.६,११,५०४। व्यहोरिने गरी सम्झौता भए अनुसार रु.१३,६१,५०४। को काम भएकोमा कार्यालयले रु.९,५०,०००। खर्च लेखेको छ । उक्त कार्यमा ५७२० मिटर पाइप खरिद भएकोमा कार्यालयले ६५८० मिटर पाइप लाइन कार्य गरेको देखाई १७७६.६ घ.मि. खन्ने कार्यमा र १६२८.५५ घ.मि. पुर्ने कार्यमा खर्च लेखेको छ । खरिद पाइपको परिमाण भन्दा ६६० मिटरको बढि परिमाणको २३२.२ घ.मि. खन्ने कार्यमा र २१२.८५ घ.मि. पुर्ने कार्यमा बढी खर्च लेखेकोले खन्ने कार्यको प्रति घ.मि. रु.२९६।६४ ले रु.६८८७९। र पुर्ने कार्यमा प्रति घ.मि. रु.१२३।८ ले रु.२६,३००। समेत रु.९५,१८७। बढी खर्च मध्ये कार्यालयले भुक्तानी गरेको अनुपातिक रकम रु.६६,२७१। असुल गर्नुपर्ने रु. ६६२७१

३१. **१३२-०७५।२।२८**

**बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) मा प्राविधिक नाप जाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा विल र विजकको भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले तटवन्धन कार्य झारखेत र दोभान तटवन्धन उपभोक्ता समितिबाट कार्य गराएकोमा ग्याविन वक्स (३X१.५X०.७५) को १९ थानको नर्म्श अनुसार ६४.१२५ घ.मि. ढुंगा फिलिङ्ग हुनुपर्नेमा ८५.५ घ.मि. गरी भुक्तानी गरेकोले २१.३७५ घ.मि. बढि परिमाणको प्रति घ.मि. रु.२,५५६। ले कार्यालयले व्यहोरेको ७८.२०% ले हुने रु.४२,७२४। सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु. ४२७२४

३२. **सोझै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा रु.२० लाख रुपैंया भन्दा बढि लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्न सकिने व्यवस्था छ । नियम ८५(१घ) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक गरी सिमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न नपाउने, त्यसैगरी नियम ८५(४) अनुसार १ लाख रुपैया भन्दा बढि रकमको सोझै खरिद गर्दा मौजुदा सुचिमा रहेका कम्तिमा ३ वटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निम्नानुसारको निर्माण

कार्य गरी रु.१,१४,४७,५७७/३५ खर्च गरेकोमा उल्लेखित नियमको पालना नगरी टुक्रा टुक्रा पारी सोधै कार्य गरेको नदेखिएकोले खर्चलाई नियमित गर्नुपर्ने देखिएको रु. ११४४७५७७.३५

| भौ.नं./मिति | फर्मको नाम | कामको विवरण | चेनेज नं./स्थान | भुक्तानी रकम |
|---|---|---|---|---|
| १७१-०७५/३/६ | आइ.एस. सप्लायर्स, सुर्खेत ( भ्याट नं. ६०१३४६०१३) | भ्यु टावर निर्माण | नर्सिङडाँडा | ४९८८५४.६४ |
| १८५-०७५/३/८ | आइ. ए. इन्जिनियरिङ्ग वर्कसप ( भ्याट नं. ६०१३४६०१३) | भ्यु टावर निर्माण | तरंगा सुकुमाला | ४९८८५४.६४ |
| ६६-०७४/१२/२५ | आइ. ए. कन्स्ट्रक्सन(भ्याट नं. ६०१३४६०१३) | भ्यु टावर निर्माण | कुम्भीकोट | ४९४८८५ |
| १०९-०७५/२/३ | आइ.ए. इन्जिनियरिङ्ग वर्कसप ( भ्याट नं. ६०१३४६०१३) | भ्यु टावर निर्माण | जोरखालडाँडा | ४९८५२१ |
| ५६-०७४/१२/२५ | आइ ए कन्स्ट्रक्सन (भ्याट नं. ६०१३४६०१३) | भ्यू टावर निर्माण | कुम्भीकोट | ४९४८८५ |
| १६७-०७५/३/६ | उत्तम निर्माण सेवा | रानीघाट श्रीचौर गाडापानी तेलपानी सडक निर्माण | १३+१२२-१३+७४९ | ४९७११२.८४ |
| १६८-०७५/३/६ | सहारा निर्माण सेवा/प्रोरा सप्लायर्स | रानीघाट श्रीचौर गाडापानी तेलपानी सडक निर्माण | १३+७४९-१४३४७ | ४९९०७१.६० |
| १६९-०७५/३/६ | न्यू थानी निर्माण सेवा | रानीघाट श्रीचौर गाडापानी तेलपानी सडक निर्माण | १४+३४७-१५+१२७ | ४९९२९१.०७ |
| १७०-०७५/३६ | शान्ति निर्माण सेवा | रानीघाट श्रीचौर गाडापानी तेलपानी सडक निर्माण | १२+०००-१३+१२२ | ४९५८७७.७५ |
| २९४-०७५/३/२९ | मजदुर कन्स्ट्रक्सन | रानीघाट श्रीचौर गाडापानी तेलपानी सडक निर्माण | ०२+२२८-०३+५३३ | ४९६९३४.५१ |
| २९५-०७५/३/२९ | दिपक निर्माण सेवा | रानीघाट श्रीचौर गाडापानी तेलपानी सडक निर्माण | ०४+४१८-०६+२९८ | ४९७०७५.६० |
| २९६-०७५/३/२९ | द कालि सिद्धि निर्माण सेवा | रानीघाट श्रीचौर गाडापानी तेलपानी सडक निर्माण, ग्रावेल वर्क | ०+०००-०+३६० | ४८८१६० |
| २९७-०७५/३/२९ | सिम्ताली कन्स्ट्रक्सन | रानीघाट श्रीचौर गाडापानी तेलपानी सडक निर्माण | ०१+२५८-२+२२८ | ४९५७६९.७० |
| ३०५-०७५/३/३२ | शुभ कृति कन्स्ट्रक्सन | रानीघाट श्रीचौर गाडापानी तेलपानी ग्रावेल | ०+३६०-००+७२० | ४८८१६० |
| ३२०-०७५/३/३२ | न्यू ज्वाला ट्रेडर्स एण्ड जनरल अर्डर एण्ड सप्लायर्स | HDPE Pipe खरिद | | ४७५९१५ |
| ३१४-०७५/३/३२ | जगन्नाथ निर्माण सेवा एण्ड सप्लायर्स | गिरीघाट शिवमन्दिर सडक आरसिसि गर्ने | | ४९३६४४ |
| ३१५-०७५/३/२२ | कविन्द्र निर्माण सेवा | गिरीघाट शिवमन्दिर सडक ग्याविन जाली | | ४९९०६० |
| ३१६-०७५/३/३२ | गणेश निर्माण सेवा | गिरीघाट शिवमन्दिर सडक ह्युम पाइपको कार्य | | ४३८१०० |
| ५-०७४/७/२१ | देउती स्टील फर्निचर उद्योग | शोफासेट ४ समेत ७ आइटम | | ३१४१४० |
| २३२-०७५/३/२० | देउती स्टील फर्निचर उद्योग | स्टील दराज समेत ६ आइटम | | ४९६९०६ |
| १२-०७४/८/२८ | युनिभर्सल होम कियर | मिनि शोभा २ पिस समेत ७ आइटम | | २७९३३७ |
| २४-०७४/१०/२८ | न्यू हिमाली जनरल स्टोर्स एण्ड अर्डर सप्लायर्स | सोफासेट ५ सहित ६ आइटम | | ४९३४७१ |
| २५- | श्रेष्ठ कम्प्युटर सप्लायर्स | कम्प्युटर ५ सेट | | ४८३०७५ |

| | | | | |
|---|---|---|---|---|
| ०७४/१०/२८ | | | | |
| २७-०७४/१०/२८ | एभरेष्ट कम्प्युटर सप्लायर्स | ल्यापटप २ सेट | | ११५९३८ |
| ४०-०७४/११/२८ | एक्सेस कम्प्युटर एण्ड सप्लायर्स | प्रिन्टर | | २८९५६० |
| ४१-०७४/११/२८ | एभरेष्ट कम्प्युटर सप्लायर्स | आइप्याड १ सेट | | १२४९७८ |
| | | जम्मा | | ११४४७५७७.३५ |

३३. **परामर्श सेवा :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले रु.एक लाख रुपैंया भन्दा बढिको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७० बमोजिम सार्वजनिक निकायले रु.२० लाख रुपैंया भन्दा बढी मूल्यको परामर्श सेवा खरिद गर्न कम्तीमा १५ दिनको अवधि दिइ आशय पत्र माग गरी संक्षिप्त सूचि तयार गर्नुपर्ने, संक्षिप्त सूचि तयार भएपछि सार्वजनिक निकायले सो सूचिमा रहेका आशयपत्र दाताहरुलाई प्रस्ताव सम्बन्धी काजगात, हुलाक, कुरियर वा व्यक्ति मार्फत पठाइ कम्तीमा ३० दिनको समय दिई निजहरुलाई आर्थिक तथा प्राविधिक प्रस्ताव माग गर्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले निम्नानुसारको कार्य गरी रु.४५,३५,४६१/ खर्च गरेकोमा उल्लेखित नियमको पालना गरेको नदेखिएकोले खर्चलाई नियमित गर्नुपर्ने देखिएको रु. ४५३५४६१

| भौ.नं./मिति | फर्मको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ३१७-०७५/३/३२ | आइसिसि मल्टिपर्पोज प्रा.लि. | सडक सर्भे | ४४०७०० |
| ५७-०७४/१२/२५ | अमर विल्डर्स | सडक सर्भे | ४९४६०१ |
| ३५७-०७५/३/३२ | सक्रिय परामर्श सेवा प्रा.लि. | आन्तरिक आयका श्रोतहरुको सम्भाव्यता अध्ययन तथा राजश्व प्रक्षेपण | ४९९६८६ |
| ३५८-०७५/३/३२ | सुर्खेत तालिम तथा अनुसन्धान विकास केन्द | पर्यटन विकास योजना निर्माण | ४९९५०५ |
| ३५९-०७५/३/३२ | क्रियटिभ परामर्श सेवा केन्द्र | पार्श्वचित्र निर्माण | ४९८३३० |
| १०२-०७५/१/३१ | डि.सि. निर्माण सेवा एण्ड सप्लायर्स | डिटेल इन्जिनियरिङ सर्भे | ३५८८४७ |
| ११०-०७५/२/३ | देउती इन्जिनियरिङ कन्सल्टेन्सी | डिटेल सर्भे | ४९३७१९ |
| १११-०७५/२/३ | भेरीगंगा इन्जिनियरिङ कन्सल्टेन्सी | डिटेल सर्भे | ४०१२८४ |
| ११२-०७५/२/३ | गंगामाला देउती बजै इन्जिनियरिङ कन्सल्टेन्सी | कुटा चेपाङ सडक सर्भे | ४७५०५४ |
| ११३-०७५/२/३ | काक्रेविहार इन्जिनियरिङ कन्सल्टेन्सी | तेलपानी हर्के डाँडा साझघाट जाने सडक | ३७३७३५ |
| | जम्मा | | ४५३५४६१ |

३४. **विजकको ढाँचा :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतको अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाई अनुसुचि ५ र ५(क) बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले पार्श्वचित्र निर्माण कार्यको लागि क्रियटिभ परामर्श सेवा केन्द्रलाई कार्य गर्न दिएकोमा उक्त फर्मले विजक नम्बर ००४-०७५।१।३० हस्तलिखित भएका देखियो । उक्त कार्यमा मूल्य अभिवृद्धि कर रु.५७,३३०। समेत रु.४,९८,३३०। भुक्तानी भएकोले मूल्य अभिवृद्धि कर रकम रु.५७,३३०। सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु. ५७३३०

३५. **बराहताल कृषि तथा पर्यटन महोत्सव :** बराहताल गाउँपालिकाको २०७४ असार ३१ गतेको गाउँसभाको निर्णयानुसार वराहताल महोत्सवका लागि २० लाख बजेट विनियोजन भई मिति २०७४।१२।२३ देखि १२।२७ सम्म बराह ताल महोत्सव संचालन हुँदा निम्न बमोजिम खर्च भएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन :

| गो.भौ.नं. ⁄मिति | भुक्तानी लिनेको नाम | विवरण | रकम |
|---|---|---|---|
| १५७-०७५/१/७ | न्यू मिलन टेन्ट एण्ड क्याटरिङ सर्भिस | स्टल, मन्च, टेन्ट निर्माण | ६००००० |
| १६३-०७५/१/१९ | वागिना समूह | सांस्कृतिक कार्यक्रम | ३७५००० |
| २२०-०७५/२/१३ | मिनराज रिमाल | महोत्सव संचालन खर्च | ६६०००० |
| २७०-०७५/३/१५ | विभिन्न ३६ जना | स्वयंसेवक परिचालन खर्च | १४९७६० |
| २८६-०७५/३/२५ | विभिन्न | महोत्सव खेलकुद कार्यक्रम | ३५९९८० |
| १८५-०७५/१/२८ | काफिया मिडिया सेन्टर | महोत्सवको प्रत्यक्ष प्रसारण तथा भिडियो छायांकन | ११५००० |
| | जम्मा | | २२५९७४० |

३५.१. **गाउँसभा द्वारा स्वीकृत रकम भन्दा बढी खर्च :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(३) मा गाउँ सभाबाट स्वीकृत बजेटको परिधिभित्र रही खर्च गर्नुपर्ने र दफा ७३(७) मा गाउँकार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । गाउँसभाले बराहताल महोत्सवका लागि रु.२०,००,०००। बजेट स्वीकृत गरेकोमा रु.२२,५९,७४०। खर्च गरेको छ । गाउँसभाबाट स्वीकृत बजेट सीमा नाघी बढी खर्च गरेको रकम अनियमित देखिएको रु. २५९७४०

३५.२. **खर्च मितव्ययी नदेखिएको :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कायदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । महोत्सवमा स्टल, टेन्ट निर्माण वापत न्यू मिलन टेन्ट एन्ड क्याटरिङ्ग सर्भिसलाई रु.६,००,०००। भुक्तानी दिइएकोमा आन्तरिक आम्दानी शिर्षकको गो.भौ.नं. ३२ मिति २०७५।३।२२ बाट स्टल विक्री वापत रु.३,००,०००। आम्दानी प्राप्त भएको छ । खर्च र आम्दानीको विश्लेषण नगरी बजेट खर्च भएकोले बजेट खर्च गर्दा मितव्ययिता अपनाउनुपर्दछ ।

३६. **भरपाई नभएको :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । वडा नं. ६ मा वितरण गर्न गो.भौ.नं. ३१६ मिति २०७४।३।२९ बाट अन्नपुर्ण इलेक्ट्रोनिक एन्ड मोवाइल हाउसलाई फिलिप्स रेडियो ६२ थान र व्याट्री खरिद वापत रु.८२,०००। भुक्तानी दिएकोमा उक्त सामान उपयोग नगरेको हुँदा सोको प्रमाण पेश गर्नुपर्ने रु. ८२०००

३७. **तलवी प्रतिवेदन पारित नगरी तलव खर्च लेखेको :** निजामती सेवा ऐन, २०४९ मा जिल्ला स्थित निजामती कर्मचारीलाई कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष तलवी प्रतिवेदन पारित नगरी रु.६१,९०,८९२। तलव खर्च लेखेको छ । तलवी प्रतिवेदन पारित नगरी खर्च लेख्दा बढी तलव खर्च लेख्न सक्ने सम्भावना हुने भएकोले तलवी प्रतिवेदन पारित गराएर मात्र तलव खर्च लेख्नुपर्दछ ।

३८. **सामाजिक सुरक्षा तर्फ**

**पारदर्शिता कायम नगरेको :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको

निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानिय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था गरेकोमा गाउँकार्यपालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

३९. **बैंक मार्फत भत्ता वितरण नगरिएको :**कार्यविधिको दफा २२ मा नेपाल सरकारको संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्वीकृती विना हातहातै नगद वितरण गर्न नपाईने र बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बैंक मार्फत भत्ता वितरण नगरी मन्त्रालयको स्वीकृती विना हातहातै नगद वितरण गरेको छ । बैंक मार्फत लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्दछ ।

४०. **आ.ले.प. बेरुजु सम्बन्धमा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ (३) मा कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडि नै नियमित गराउनुपर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरी बेरुजु लगत कट्टा गराउनुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको निम्न बमोजिमका बेरुजुहरु अन्तिम लेखापरीक्षण अवधि सम्म पनि असुल फछ्र्यौट गरेको छैन । अत: असुल फछ्र्यौट गर्नुपर्ने रु. १५३९११

| ब.उ.शि.नं. | गो.भौ.नं. | व्यहोरा | रकम |
|---|---|---|---|
| | १५७-०७५/३/४ | बराहताल सडक निर्माण उपभोक्ता समितिलाई भुक्तानी दिंदा कन्टिन्जेन्सी रु.६०,०००। र मर्मत सम्भार कोष रु.४०,०००। समेत रु.१,००,०००। भुक्तानीमा कट्टा नगरेकोले असुल गरी सम्बन्धित कोषमा राख्नुपर्ने रु. | १००००० |
| आन्तरिक आम्दानी | | गाउँपालिकाको आन्तरिक आम्दानीमा देखिएको विद्यालयलाई निकासा भएको अनुदान फिर्ता रकम रु.५०,६११। गाउँपालिकाको कोषमा रहेकोले उक्त रकम संघीय राजश्व खातामा दाखिला गर्नुपर्ने रु. | ५०६११ |
| कन्टिन्जेन्सी | | गाउँपालिकाको कन्टिन्जेन्सी खाताबाट खर्च गर्दा प्राप्त भएको बहाल कर रु.३,३००। गाउँपालिकाको संचित कोषमा दाखिला गर्न बाँकी देखिएकोले दाखिला हुनुपर्दछ । रु. | ३३०० |
| | | जम्मा | १५३९११ |

४१. **पेश्की बाँकी :** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ८० मा सरकारी कामकाजको निमित्त एक आर्थिक बर्षमा गएको पेश्की रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नाम नामेसी सहित के के बापत पेश्की गएको हो सो समेत खुलाई जिम्मेवारी अर्को आर्थिक बर्षमा सारी प्रमाणित गर्नुपर्ने र यसरी सारिएको पेश्की यस नियमावली बमोजिम फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न बमोजिम रु.१,४८,५८,०३०। यस बर्ष पेश्की बाँकी रहेको रकम जिम्मेवारी सारी फछ्र्यौट नगरेको हुँदा जिम्मेवारी सारी नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु. १४८५८०३०

| **ब.उ.शि.नं.** | **पेश्की लिनेको नाम** | **प्रयोजन** | **रकम** |
|---|---|---|---|
| पूँजीकोष | सेन्टर फर पिस | सडक गुरु योजना निर्माण | २००००० |
| सामाजिक सुरक्षा (३६५०१५३) | जगत सुवेदी | वडा नं १ | ७५३००० |
| सामाजिक सुरक्षा (३६५०१५३) | जगत सुवेदी | वडा नं २ | १५३१६०० |
| सामाजिक सुरक्षा (३६५०१५३) | मिनराज रिमाल | वडा नं ३ | ४२९६०० |
| सामाजिक सुरक्षा (३६५०१५३) | मिनराज रिमाल | वडा नं ४ | ३१४८८०० |
| सामाजिक सुरक्षा (३६५०१५३) | उमेशकेशर खनाल | वडा नं ५ | २१५६४०० |
| सामाजिक सुरक्षा (३६५०१५३) | दुर्ग बहादुर वि.क. | वडा नं ६ | १५५१२०० |
| सामाजिक सुरक्षा (३६५०१५३) | रन बहादुर गरंजा | वडा नं ७ | १०६७००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सामाजिक सुरक्षा (३६५०१५३) | दुर्गा प्रसाद रिजाल | वडा नं ८ | १४८९००० | | |
| | सामाजिक सुरक्षा (३६५०१५३) | ब्रम्ह कुमार खड्का | वडा नं ९ | ११०१६०० | | |
| | सामाजिक सुरक्षा (३६५०१५३) | चेतनप्रकाश आचार्य | वडा नं १० | ११९०००० | | |
| | वित्तिय समानीकरण चालु तर्फ | आइ.टि अफिसर दान ब साउद | इ लाइवेरी कार्यक्रम | १६०००० | | |
| | वित्तिय समानीकरण चालु तफ | ना.सु.आनन्द चपाइ | तालिम संचालन | १९९३५० | | |
| | वित्तिय समानीकरण चालु तफ | स.इ. टिकाराम शर्मा | तालिम संचालन | ८०४८० | | |
| | | जम्मा | | १४८५८०३० | | |

| | | | |
|---|---|---|---|
| ४२. | **आन्तरिक आम्दानी तर्फ :** राजश्व लेखा निर्देशिका, २०६४ अनुसार राजश्वको श्रेस्ता राख्दा नगदी रसिद (म.ले.प.फा.नं.११) राजश्व आम्दानीको दैनिक नगद प्राप्ती खाता (म.ले.प.फा.नं.१०८ क) राजश्व आम्दानी दैनिक बैंक भौचर खाता (म.ले.प.फा.नं.१०८ ख), नगद राजश्व आम्दानी बैंक दाखिला विवरण (म.ले.प.फा.नं. १०९), गोश्वारा भौचर (म.ले.प.फा.नं.१० क), राजश्व आम्दानी गोश्वारा खाता (म.ले.प.फा.नं.१०८), राजश्व आम्दानी बैंक नगदी किताव (म.ले.प.फा.नं. २३) लगायतका फारमहरु प्रयोग गरी श्रेस्ता अद्यावधिक गरी राख्नुपर्दछ । कार्यालयले विभिन्न वडाहरुबाट संकलित रकम समेत गरी आन्तरिक आम्दानी रु.१४,३७,५८१।६२ देखाएको छ । विभिन्न वडाहरुबाट संकलित रकम बैंक खातामा दाखिला गरेको भौचर संलग्न भएको तर माथि उल्लेखित म.ले.प.फा.नं.हरु प्रयोग नगरिएकोले वास्तविक आन्तरिक आम्दानी यकिन हुन सकेन । अतः तोकिएको म.ले.प.फा.नं. हरु राखि राजश्वको श्रेस्ता व्यवस्थित गरी राख्नुपर्दछ । | | |
| ४३. | **वित्तिय जवाफदेहिता मूल्यांकन :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ बमोजिम प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । कार्यालयको संस्थागत शासन व्यवस्था र वित्तिय व्यवस्थापनको जवाफदेहिता तथा उत्तरदायित्व पालना सम्बन्धी मुल्यांकन सूचि अनुसार विश्लेषण गर्दा कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली पर्याप्त नरहेको, जिन्सी निरिक्षण प्रतिवेदन कार्यान्वयन नगरेको, वित्तिय सूचना प्रणालीको प्रयोग र त्यसको उपयोगको अवस्था कमजोर रहेको, विद्युतिय माध्यमबाट सेवा प्रवाहको अवस्था नरहेको, सेवाको गुणस्तर सुधारको लागि उपयुक्त उपायको अवलम्बन नगरेको तथा सार्वजनिक निर्माण तथा खरिद कार्यको गुणस्तर निर्क्यौलको स्थिति कमजोर रहेकोले यस वर्ष १०० अंक पूर्णाङ्क राखी जवाफदेहिता मूल्यांकन गर्दा कार्यालयले ६३ अंक प्राप्त गरी “वि” ग्रेडमा रहेको पाइयो । ऐन नियमले तोकिएका कार्यहरु तोकिएको मापदण्ड अनुसार गुणस्तरीय रुपमा समयमै सम्पादन गरी वित्तिय जवाफदेहिता तथा उत्तरदायित्वको पालना गर्नुपर्दछ । | | |
| ४४. | **वेरुजु :** गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजु रु.३७ लाख ८४ हजार, अनियमित बेरुजु रु.१ करोड ७० लाख ४३ हजार, प्रमाण कागजात पेश नभएको बेरुजु रु.७६ लाख २१ हजार र पेश्की बाँकी देखिएको रु.१ करोड ४८ लाख ५८ हजार समेत रु.४ करोड ३३ लाख ६ हजार बेरुजु कायम भएकोमा प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त नभएकोले सोही बेरुजु कायम भएको छ । | | |
| | **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजु फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजु फछ्र्यौट गरेको देखिएन । गत वर्षको बेरुजु स्थिति निम्नानुसार देखिएको छ : | | |
| | **अद्यावधिक बेरुजु स्थिति :** बराहताल गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ : | | |

| गत वर्षको बेरुजु रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| ८६४१००० | ० | ८६४१००० |

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C) | यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D) | यो वर्षको कायम बेरुजु रु. (E) | बाँकी (F= C+D+E) |
|---|---|---|---|
| ८६४१००० | ० | ४३३०५७९७ | ५१९४६७९७ |

**अनुसूची– १**

## बराहताल गाउँपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | सुर्खेत | बराहताल गाउँपालिका | २१ | २६ | ४३३०६ | ० | ० | ० | २१ | २६ | ४३३०६ | ३७८४ | १७०४३ | ७६२१ | ० | ० | २४६६४ | १४६५८ | २०० | १४८५८ |

**अनुसूची- २**

## स्थानीय तह सञ्चित कोषको विवरण
## २०७४।७५

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | बराहताल गाउँपालिका | सुर्खेत | ५४३३ | २३२३६२ | ११७२७७ | ५५९१२ | ४०५५५१ | २०२८९५ | १२७६१० | ६१२७ | ३३६६३२ | ७४३५२ |